कात्तिक २०७४

**माध्यमिक तह टिपिडी तालिम पाठ्यक्रम**

# सामाजिक अध्ययन

नेपाल सरकार

शिक्षा मन्त्रालय

शैक्षिक जनशक्ति विकास केन्द्र

सानोठिमी, भक्तपुर

# विषय सूची


| क्र. स. | विषय वस्तु | पेज नम्बर |
|---|---|---|
| १ | परिचय | १ |
| २ | तालिमको लक्ष्य तथा उद्देश्य | १ |
| ३ | तालिम सक्षमता | २ |
| ४ | तालिम संरचना | ३ |
| ५ | तालिमको विषय वस्तु | ३ |
| ६ | तालिम कार्यान्वयन कार्यविधि | ५ |
| ७ | तालिम मूल्याङ्कन | ६ |
| ८ | परियोजना कार्य | ७ |

## १. परिचय

पाठ्यक्रमअनुरुप शिक्षण सिका इ प्रक्रियालाई जनआकाङ्क्षा एवम् देशको परिवर्तित सन्दर्भअनुकूल समसामयिक बनाउँदै लैजानुपर्दछ । पाठ्यक्रम तथा पाठ्यपुस्तकको सुधार तथा परिमार्जन कार्य निरन्तर चल्ने प्र क्रिया हो । पाठ्यक्रमको मर्मअनुकूल तालिम पाठ्यक्रम हुनुपर्ने भएकाले शिक्षण सिप पनि सोहीअनुसार विकास गर्नुपर्दछ । यसलाई देशको समसामयिक परिवर्तन, विश्वमा आएको नवीनतम प्रविधि र समाजको माग तथा चाहनाअनुरूप समायोजन गरिनुपर्छ ।

बालबालिकाको सिकाइ कसरी हुन्छ भन्ने सम्बन्धमा विभिन्न अवधारणाहरूको विकास भएको छ । बालबालिकाले आफूमा भएको पूर्वअनुभव र समसामयिक परिवेशबाट निरन्तर रूपमा सिकिरहेका हुन्छन् । बालबालिकाले सिक्ने मुख्य थलो कक्षाकोठा मात्र नभएर उसको वरपरको वातावरण, समुदाय र परिवार पनि हो । सामाजिक अध्ययन विषयमा विद्यालयको बन्द कोठालाई मात्र सिकाइको थलो नमानेर विद्यार्थीको घर , समाज, वातावरण, नवीनतम प्रविधि सिक्ने थलोको रूपमा उपयोग गरिनुपर्छ । सामाजिक अध्ययन शिक्षण विषयको मुख्य धेय भनेको नै विद्यार्थी लाई समाजको अध्ययनमा उन्मुख गराउने गरी तयार गर्नु हो । यिनै तथ्यलाई दृष्टिगत गरी बदलिँदो परिवेशअनुकूलका विषय वस्तु समायोजन गरी अध्यापन गराउनु आजको आवश्यकता , चुनौती र अवसर पनि हो ।

तालिम पाठ्यक्रम विकास गर्दा शिक्षक को पेसागत विकासको प्रारुप , २०७२ र शिक्षक सक्षमताको प्रारुप, २०७२ लाई आधारभूत मार्गदर्शनका रुपमा अनुसरण गरिएको छ । विगतको तालिम अभ्यासबाट संश्लेषित शिक्षकका पेसागत माग (needs) तथा परिमार्जित विद्यालय पाठ्यक्रमका कठिन एवम् मह त्वपूर्ण विषय वस्तुलाई यस पाठ्यक्रमको मुख्य विषयका रुपमा छनोट गरिएको छ।

शिक्षण पद्धतिमा परम्परागत सोच र प्रणाली त्यागेर समसामयिक बनाइनु आजको आवश्यकता हो। यसै सन्दर्भलाई दृष्टिगत गर्दै सामाजिक अध्ययन शिक्षणलाई अझ समसामयिक र सान्दर्भिक बनाउने प्रयास स्वरूप यो शिक्षक तालिम पाठ्यक्रमको विकास गरिएको हो ।

## २. तालिमको लक्ष्य तथा उद्देश्य

परिवर्तित सन्दर्भमा शिक्षक पेसागत विकासलाई प्रविधिमैत्री, सहज र समयानुकूल बनाउँदै

सबै शिक्षकलाई निरन्तर सक्रिय सिकाइको अवसर प्रदान गर्नु यस तालिमको प्रमुख लक्ष्य हो। यस तालिम कार्यक्रममा विषय वस्तुमा आधारित प्रशिक्षण र विद्यालयमा आधारित स्वअभ्यासमार्फत प्रशिक्षार्थीमा देहायअनुसारका उद्देश्य प्राप्ति हुने अपेक्षा गरिएको छ :

क) माध्यमिक तहको सामाजिक अध्ययनमा समावेश भएका विषय वस्तुलाई प्रभावकारी ढङ्गले शिक्षण गर्ने

ख) माध्यमिक तहको सामाजिक अध्ययनमा समावेश भएका विषय वस्तुहरूलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी शिक्षण गर्ने

ग) कक्षाकोठामा सामाजिक अध्ययन शिक्षणमा देखा पर्ने समस्याको समाधानका लागि कार्यमूलक अनुसन्धान(Action Research)गरी सिकाइमा सुधार गर्ने

घ) सामाजिक अध्ययनसँग सम्बन्धित नवीनतम विधि प्रविधिसँग परिचित भ ई तिनको प्रयोग गर्ने

ङ) शिक्षण सिकाइ क्रिययाकलाप सञ्चालनका लागि आवश्यक सम्बन्धित व्यावहारिक ज्ञान, सिप प्रदान गरी सामाजिक अध्ययन विषयको पाठ्यक्रमअनुसार मूल्याङ्कन प्रणालीको प्रयोग गर्ने

## ३. तालिम सक्षमता

यस तालिमपश्चात् सहभागीहरूमा निम्नानुसारका सक्षमताहरू हासिल हुने छन् :

क) मानव विकासका सूचकाङ्कको अर्थ र प्रभावको लेखाजोखा

ख) दिगो विकासको अवधारणाबमोजिम स्थानीय विकासको खाका तर्जुमा

ग) सङ्घीयता र प्रदेशहरूको कार्यक्षेत्रबारे तुलनात्मक विश्लेषण

घ) नेपाली सजमाजका परम्परा, मूल्यमान्यता तथा संस्कृतिको समीक्षा

ङ) सामाजिक समस्या पहिचान र सोको समाधानका लागि सङ्घसंस्था एवम् नागरिकको भूमिकाको लेखाजोखा

च) विश्वका हावापानी, देशान्तर र समयको अन्तरसम्बन्धको बोध

छ) नक्सा र ग्लोबको अध्ययन (जस्तै: GPS, GIS),नेपाल र विश्वको नक्सा , महाद्वीपहरूको तुलनात्मक विश्लेषण

ज) नेपाल र विश्वका प्रमुख ऐतिहासिक घटनाक्रममहरूको सङ्क्षिप्त वर्णन प्रस्तुति

झ) संयुक्त राष्ट्र सङ्घ एवम् कुटनीतिक नियोगहरूको कार्यक्षेत्रको व्याख्या

## ४ तालिम संरचना

क. यो तालिम १५ दिन अवधिको हुने छ । यसको पहिलो खण्ड १० दिनको तालिम कार्यशाला (Training-workshop) ढाँचामा फेसटुफेस मोडबाट जिल्ला सदरमुकामा अवस्थित शैक्षिक तालिम केन्द्रमा सञ्चालन हुने छ । यसको दोस्रो खण्ड पाँच दिन अवधिको स्वाध्याय अभ्यास (Self-study exercise) ढाँचामा आधारित हुने छ ।

ख. दोस्रो खण्डको पाँच दिने स्वाध्याय अभ्यास ढाँचाअन्तर्गत प्रशिक्षार्थीले आफू कार्यरत विद्यालयमा आधारित भई चार ओटा परियोजना कार्य ४५ दिनभित्र सम्पन्न गरिसक्नुपर्ने छ । परियोजना कार्यको सवै प्रतिवेदन पहिलो खण्डको तालिम सम्पन्न भएको ५२ दिनभित्र सम्बन्धित शैक्षिक तालिम केन्द्रमा अनिवार्य रुपमा पेस गर्नुपर्ने छ । यसमा मूलत : १० दिने तालिम कार्यशाला खण्डमा सिकाइका सैद्धान्तिक ज्ञान तथा सिपको व्यावहारिक प्रयोग एवम् प्रशिक्षार्थीको सिर्जनात्मक र प्रवर्तनात्मक क्षमता प्रदर्शन गर्न उपयुक्त परियोजना कार्य (Project work) तोकिने छ ।

## ५ तालिम पाठ्यक्रम

तालिमका निर्धारित उद्देश्य, सक्षमता तथा संरचनासँग अनुकूलित विषय समेटी पाठ्यक्रमिक ढाँचामा विषय वस्तु र खुद तालिम घण्टा संयोजन गरिएको छ ।

| क्र .सं. | विषय वस्तु | विषय वस्तुको विस्तृतीकरण | सत्र भार |
|---|---|---|---|
| क | हामी र हाम्रो समाज | | ३ |
| १ | क्षेत्रीय विकासको अवधारणा | सङ्घीयता र प्रदेशको तुलनात्मक अध्ययन | |
| २ | मानव विकास | मानव विकास सूचकाङ्क | |
| ३ | समाज | समाज विकास र सामाजिक विकास | |
| ख | विकास र विकासका पूर्वाधार | | २ |
| १ | विकास | विकासका पूर्वाधार र दिगो विकास | |
| २ | योजना | स्थानीय विकास प्रस्ताव तर्जुमा | |

| | | | |
|---|---|---|---|
| | | दिगो विकासका लक्ष्य | |
| ग | हाम्रा सामाजिक मूल्य मान्यता | | १ |
| १ | लोक परम्परा | हाम्रा परम्परा , सस्कृति, कला (विधि र सामग्री)<br>शान्ति संस्कृति (सहानुभूति, सहयोग) | |
| घ | सामाजिक समस्या र समाधान | | २ |
| १ | सामाजिक समस्या | सामाजिक समस्या, पहिचान र समाधानका उपायहरू (समस्या र विकृति) | |
| ङ | नागरिक चेतना | | २ |
| १ | संविधान | नेपालको वर्तमान संविधान<br>निर्वाचन प्रणाली<br>अधिकारहरू (मानव अधिकार , महिला अधिकार र बाल अधिकार) | |
| च | | हाम्रो पृथ्वी | ७ |
| १. | महाद्वीपहरू | महाद्वीपहरूको तुलनात्मक अध्ययन | |
| २. | नक्साकार्य | GPS, GIS, नेपाल र विश्वको नक्सा | |
| ३. | विपद् व्यवस्थापन | भूकम्प र सुनामी | |
| छ | | हाम्रो विगत | ३ |
| १ | ऐतिहासिक स्रोतहरूको खोजी | ऐतिहासिक स्थल र स्रोतहरूको खोजी | |
| २ | नेपालको इतिहास | एकीकरणदेखि हालसम्म | |
| ३ | विश्वको इतिहास | विश्व युद्घ र प्रभाव | |
| ज | आर्थिक क्रियाकलाप | | ३ |

| | | | |
|---|---|---|---|
| १ | आर्थिक योजना | आवधिक योजनाहरूको उपलब्धि र समीक्षा<br>वित्तीय शिक्षा (उपकरणहरू) | |
| | वित्तीय शिक्षा | बैङ्क र सहकारी | |
| झ | अन्तराष्ट्रिय सम्बन्ध र सहयोग | | ३ |
| १ | संयुक्त राष्ट्रसङ्घ | संयुक्त राष्ट्रसङ्घका अङ्गहरू, विशिष्टीकृत संस्था र सहयोग<br>कुटनीतिक नियोग | |
| २ | समसामयिक विषय वस्तु | समसामयिक घटना र मुद्धा<br>विश्वव्यापीकरण र स्थानीयकरण | |
| ञ | | सामाजिक अध्ययन | २ |
| १ | सामाजिक अध्ययनको परिचय | सामाजिक अध्ययन र सामाजिक शिक्षा | |
| १ | सामाजिक अध्ययनको परिचय | सामाजिक अध्ययन र सामाजिक शिक्षा | |
| | विविध | तालिम अभिमुखीकरण, प्रिटेस्ट, पोस्टटेस्ट, | विविध |
| जम्मा | | | ३० |

नोट: प्रत्येक सत्र १ घन्टा ३० मिनेटको हुने छ ।

## ६ तालिम कार्यान्वयन कार्यविधि

क. यस तालिमको लक्षित समूहका सम्बन्धमा विगतमा दुई ओटा १० दिने टिपिडी मोड्युल पूरा गरेका अथवा शुद्धरुपमा तालिम अप्राप्त स्थायी शिक्षकलाई एक महिने तालिमको पूरक कोर्सका रुपमा यस तालिममा सहभागी हुन योग्य मानिने छ ।

ख. तालिमको अन्त्यमा शिक्षकको पेसागत विकास प्रारुप, २०७२ अनुसार परीक्षा सञ्चालन र शैक्षिक जनशक्ति विकास परिषद्को मिति २०७४ /०५/०६ गतेको निर्णयबमोजिम प्रमाणीकरण गरिने छ । तालिमको अन्त्यमा सम्बन्धित शैक्षिक तालिम केन्द्रबाट प्रमाणपत्र प्रदान गरिने छ ।

ग. स्वाध्याय अभ्यास खण्डका लागि तोकिएको परियोजना कार्य सम्पादन गर्ने दौरान सन्दर्भ सामग्री अध्ययन , विज्ञसँगको परामर्श तथा प्रतिवेदन लेखन गर्नु मूलत: प्रत्येक प्रशिक्षार्थीको निजी दायित्व हुने छ । यस कार्यका लागि

प्रशिक्षार्थीलाई आवश्यक परेमा ईमेल वा फोनमार्फत वा प्रत्यक्ष भेट गरी सम्बन्धित प्रशिक्षकबाट मार्गदर्शन प्राप्त गर्ने सुविधा उपलब्ध हुने छ ।

घ. तालिम सहजीकरण गर्दा देहायअनुसारका न्यूनतम विधिगत मापदण्ड पूरा गर्नुपर्ने छ।

- शैक्षिक तालिम केन्द्रका विज्ञ प्रशिक्षकबाट तालिम सेसन सञ्चालन गरिने छ । विषयको प्रकृतिअनुसार यस विषयका क्षेत्रमा लामो अनुभव भएका व्यक्ति तथा गैरसरकारी संस्थाका पदाधिकारी लगायतलाई प्रशिक्षक बनाउन सकिने छ ।
- सूचना तथा सञ्चार प्रविधि तथा सान्दर्भिक तालिम सामग्री प्रयोग गर्दै छलफल, अन्तरक्रिया, अनुभव, घटना वा मामला अध्ययन , समूहकार्य तथा प्रस्तुति, स्थलगत भ्रमण लगायतका विधिको अवलम्बन गरिने छ ।
- तालिमका क्रममा तोकिएको तालिम प्याकेज लगायतका सन्दर्भ सामग्री प्रत्येक सहभागीलाई वितरण गरिने छ ।

## ७. तालिम मूल्याङ्कन

क. तालिम सम्पन्न गरेपछि प्रशिक्षार्थीको उपलब्धि मूल्याङ्कन गर्न देहायअनुसारका मूल्याङ्कन अङ्गगत अङ्कभार अनुसरण गर्नुपर्ने छ :

मूल्याङ्कनका अङ्गगत अङ्कभार

| क्र. सं. | मूल्याङ्कनका अङ्क | अङ्क |
|---|---|---|
| १ | नियमितता, सहभागिता र सक्रियता | ५ |
| २ | सिर्जनात्मक तथा प्रवर्तनात्मक कार्य | १० |
| ३ | लिखित परीक्षा | २५ |
| ४ | स्वाध्याय अभ्यासअन्तर्गत चार ओटा परियोजना कार्य (२.५*४) | १० |
| | जम्मा | ५० |

- प्रत्येक अङ्गको उत्तीर्णाङ्क ५० प्रतिशत हुने छ ।

| क्र.स. | प्राप्ताङ्क | श्रेणी |
|---|---|---|
| | ९०% र सोभन्दा माथि | विशिष्टतासहित प्रथम श्रेणी |

| | | |
|---|---|---|
| | ८०% भन्दा माथि र ९०% भ न्दा कम | प्रथम श्रेणी |
| | ६५% भन्दा माथि र ८ ०% भ न्दा कम | द्वितीय श्रेणी |
| | ५०% भ न्दा माथि र ६५ % भ न्दा कम | तृतीय श्रेणी |
| | ५०% भन्दा कम | असफल |

ख. लिखित परीक्षाका प्रश्नपत्र निर्माण गर्दा देहायअनुसारको ग्रिड अवलम्बन गर्नुपर्ने छ :

ग्रिड तालिका

| क्र. सं. | प्रश्नको प्रकार | प्रश्न सङ्ख्या | प्रतिप्रश्न अङ्कभार | पूर्णाङ्क |
|---|---|---|---|---|
| १ | बहुवैकल्पिक | १० | ०.५ | ५ |
| २ | सङ्क्षिप्त उत्तरात्मक | ५ | ३ | १५ |
| ३ | समस्यामूलक | १ | ५ | ५ |
| | जम्मा | १६ | - | २५ |

## ८. परियोजना कार्य (Project work)

तालिम कार्यशाला खण्ड सम्पन्न गरेपछि सञ्चालन गरिने दोस्रो स्वाध्याय अभ्यास खण्डमा प्रत्येक प्रशिक्षार्थीले देहायअनुसारको विशिष्टीकरण मापदण्डबमोजिम परियोजना कार्य सम्पादन गर्नुपर्ने छ ।

**परियोजना कार्य विशिष्टीकरण मापदण्ड**

स्वाध्याय अभ्यास खण्डका लागि जम्मा ६ ओटा कार्य निर्धारण गरिएको छ । जसमा परियोजना-१ र परियोजना-२ अनिवार्य रहेका र बाँकीमध्ये दुई ओटा गरी जम्मा चार ओटा परियोजना कार्य सबै सहभागीले सम्पादन गर्नुपर्ने छ । प्रत्येक परियोजनाको परिणामका (Output) रुपमा प्रत्येक प्रशिक्षार्थीले प्रतिवेदन स्वरुपको अलगअलग प्रतिवेदन दस्तावेज शैक्षिक तालिम केन्द्र समक्ष अनिवार्य रुपमा पेस गर्नुपर्ने छ ।

**परियोजना कार्य - १: पाठयोजनामा आधारित शिक्षण अभ्यास**

क)	फरक फरक १० ओटा पाठहरूको पाठयोजना तयारी गर्ने

ख)	प्रत्येक पाठ योजनाका आधारमा शैक्षिक सामग्री विकास गर्ने

ग)	प्रधानाध्यापकबाट सबै पाठ योजना प्रमाणित गर्ने

घ)	पाठयोजनाका आधारमा रुटिनबद्ध शिक्षण अभ्यास गर्ने


ङ)	प्रत्येक पाठ शिक्षणपछि विद्यार्थीको पृष्ठपोषण सङ्कलन गर्ने

च)	परिमार्जित पाठयोजना अन्तिमीकरण गर्ने

नोटः अन्य परियोजना कार्यले नसमेटेका विषय वस्तु शिक्षणका लागि मात्र पाठयोजना तयार गर्ने

**परियोजना कार्य-२ः कार्यमूलक अनुसन्धान**

शिक्षकले आफ्नो कार्य स म्पादन सुधारका लागि कुनै एउटा विषय क्षेत्रमा  Kurth Lewis द्वारा प्रतिपादित निम्नलिखित चक्र अनुसरण गरी कार्यमूलक अनुसन्धान गरी सोको प्रतिवेदन समेत तयार गर्ने




**परियोजना कार्य-३ सांस्कृतिक विविधताको कारण विश्लेषण**

क)	सांस्कृतिक विविधताको सूची तयार गर्ने

ख)	अन्तर्वार्ता फाराम  तयारी र अन्तर्वार्ता सञ्चालन गर्ने

ग)	कारणहरूको पहिचान गर्ने

घ)	समाजमा विविधताका बीचमा रहेका साझा मान्यताको सूची निर्माण गर्ने

ङ)	विद्यमान विविधता सम्बोधनका लागि अपनाउन सकिने शैक्षिक उपायहरूको सूची निर्माण गर्ने

च)	परियोजना कार्यको समग्र प्रतिवेदन तयार गर्ने

**परियोजना कार्य-४ःविश्वका हावापानी शिक्षणसम्बन्धी निर्माण र प्रयोग**

क) विभिन्न स्रोतको उपयोगका आधारमा विश्वका हावापानीमा प्रभाव पार्ने तत्त्वहरू शिक्षण गर्न आवश्यक शैक्षिक सामग्रीहरूको पहिचान र टिपोट गर्ने

ख) दुई ओटा शैक्षिक सामग्री निर्माण गर्ने तरिकाको प्रस्तुति गर्ने

ग) सूचना प्रविधिको प्रयोग गर्दै कक्षा शिक्षणको नमुना प्रस्तुति गर्ने

घ) समग्र परियोजनाको प्रतिवेदन तयार गर्ने

**परियोजना कार्य-५ः निर्वाचन प्रक्रियामा सरोकारवालाको भूमिका विश्लेषण**

क) निर्वाचन आयोगबाट प्रकाशित सन्दर्भ सामग्रीको अध्ययन वा जिल्ला निर्वाचन कार्यालयका पदाधिकारीसँग अन्तरक्रिया गर्ने

ख) निर्वाचन प्रक्रियामा निर्वाचन आयोग र मतदान अधिकृतको काम, कर्तव्य अध्ययन गर्ने

ग) निर्वाचनमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सरोकार राख्ने राजनीतिक दल, सरकार, नागरिक समाज, मतदाता, पर्यवेक्षकलगायतको भूमिकाको छोटो विश्लेषण गर्ने

घ) निर्वाचनलाई स्वच्छ तथा स्वतन्त्र बनाउन मतदाता नामावली,स्वच्छ निर्वाचनमा फोटोसहितको मतदाता नामावली सङ्कलनको आवश्यकता, प्रक्रिया आदि सम्बन्धमा जानकारी सङ्कलन गर्ने

ङ) निर्वाचन शिक्षाको आवश्यकता, विधि, सरोकारवालाको भूमिका विश्लेषण गर्ने

च) प्रभावकारी कक्षा शिक्षणमा यसको प्रयोग गर्न सकिने शैक्षणिक कार्यकलापहरू र सामग्रीहरूको सूची तयार गर्ने

**परियोजना कार्य-६ समसामयिक विषय वा घटनाको अध्ययन**

क) सञ्चार माध्यम लगायत उपलब्ध ज्ञानका स्रोतका आधारमा समसामयिक घटनाहरूको टिपोट गर्ने

ख) कुनै एक महत्त्वपूर्ण समसामयिक घटनाको विश्लेषण गर्ने

ग) सो घटनाको कारण र यसबाट राष्ट्रिय, क्षेत्रीय र स्थानीय तहमा पारेको प्रभावको टिपोट गर्ने

घ) स्थानीय नागरिकहरूबाट यसको प्रभावका बारेमा धारणा सङ्कलन गर्ने

ङ) कक्षा ९ वा १० को समसामयिक विषय वस्तुअन्तर्गत अध्यापन गराउनुपर्ने प्रमुख विषय वस्तुहरूको सूची निर्माण गर्ने

| | |
|---|---|
| च) | यस्ता समसामयिक विषय अध्यापन गराउन अपनाउन सकिने कक्षागत रणनीतिहरूको सूची |

ΩΩΩ